# प्रथम बैठक

आज मिति २०७९ जेष्ठ १७ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षता मा प्रथम औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री कृष्ण बहादुर के.सी | कार्यपालिका सदस्य | |
| ४ | श्री शरद प्रसाद घिमिरे | कार्यपालिका सदस्य | |
| ५ | श्री होमनाथ पौडेल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री कृष्ण प्रसाद सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुमिसरा आले | कार्यपालिका सदस्य | |
| १० | श्री नुन प्रसाद बाचे | कार्यपालिका सदस्य | |
| ११ | श्री बलिराम सापकोटा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेप्ती कुमार घर्ति | कार्यपालिका सदस्य | |
| १३ | श्री तिलप्रसाद काफ्ले | कार्यपालिका सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | कार्यपालिका सदस्य | |
| १५ | श्री एकदेव पौडेल | कार्यपालिका सदस्य | |
| १६ | श्री गोपाल थापा | कार्यपालिका सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | कार्यपालिका सदस्य | |
| १८ | श्री केशव राज गौतम | कार्यपालिका सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | कार्यपालिका सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | कार्यपालिका सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री फुल माया वि.क | कार्यपालिका सदस्य | |
| २३ | श्री पार्वती कंडेल | कार्यपालिका सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | कार्यपालिका सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | कार्यपालिका सदस्य | |
| २७ | श्री गिता देवी बोटे | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

**मिति २०७९।२।१८ गते वस्ने नगर कार्यपालिकाको प्रथम बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरु**

१) निर्णय कार्यान्वयनमा ल्याउने सम्वन्धमा ।

२) विभिन्न समितिहरु गठन गर्ने सम्वन्धमा ।

क) विधायन समिति

ख) सुशासन तथा संस्थागत क्षमता विकास समिति

ग) आर्थिक विकास समिति

घ) सामाजिक विकास समिति

ङ) पूर्वाधार विकास समिति

च) वातावरण तथा विपद व्यवस्थापन समिति

छ) अनुगमन समिति

ज) राजस्व परामर्श समिति

३) नगर प्रवक्ता तोक्ने सम्वन्धमा

४) वडा नं. २ को सुरक्षित नागरिक आवास भवन निर्माण सम्वन्धमा ।

५) वातावरणीय प्रभाव मुल्यांकन सम्वन्धमा ।

क) भाटभटेनी देखि बाह्रकोल सम्मको सडक

ख) बौलाहा खोलाको खोलाजन्य सामाग्री हटाउने सम्वन्धी

ग) देउसत खोला ड्याम निर्माण

६) खेल मैदान निर्माण लगायत कार्यका लागि लोकाहा खोलाबाट सामाग्री उपयोग गर्ने सम्वन्धमा ।

७) वडा नं. १५ को सालघारीमा निर्माणाधीन झोलुङ्गे पूलको भि.ओ. सम्वन्धमा ।

८) वडा नं. १३ को कृषि यन्त्र उपकरणमा लागत सहभागिता रकम मिन्हा गर्ने सम्वन्धमा ।

९) नगर क्षेत्रका विपतजन्य स्थलहरुको अवलोकन गरी तत्काल जोखिम न्यूनीकरण गर्ने सम्वन्धमा ।

१०) विभिन्न योजनाको रकम रकमान्तर गरी योजना संचालन गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

**मिति २०७९।२।१७ गतेको प्रथम नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका विषयहरु**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०७९।२।१६ का दिन देवचुली नगरपालिकाका नव निर्वाचित नगर प्रमुख ज्यूबाट पद बहालीको सिलसिलामा भएका विभिन्न ३ वटा निर्णयहरु नगर कार्यपालिकाबाट समेत समर्थन गरी राष्ट्रिय भूमि आयोग सम्वन्धी कार्यका लागि जनशक्ति छनौटको प्रकृया चलिरहेकाले उक्त कार्यमा निरन्तरता दिई जेष्ठ नागरिकहरुको घरदैलो स्वास्थ्योपचार तथा परामर्श सेवा र अन्तर प्रदेश रक्त परीक्षण शुल्क सहयोग सम्वन्धी विषयमा चालु आ.ब. भित्रै कार्यविधि स्वीकृत गरी आगामी आ.ब. को शुरुदेखि नै कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगर पालिकाको निम्नानुसारका विषयगत समितिहरुमा निम्नानुसारका पदाधिकारीहरुलाइ प्रचलित कानून बमोजिम कार्यगर्ने गरी निम्नानुसारको जिम्मेवारी दिने निर्णय गरियो ।

(क) विधायन समिति

वडा अध्यक्ष वडा नं. १३ श्री एकदेव पौडेल ..........................संयोजक

वडा अध्यक्ष वडा नं. २ श्री शरदप्रसाद घिमिरे .................. ......सदस्य

कार्यपालिका सदस्य वडा नं. ९ श्री मधुमाया गुरुङ .................... सदस्य

कार्यपालिका सदस्य वडा नं. ४ श्री विद्यावहादुर वि.क...................सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(ख) सुशासन तथा संस्थागत क्षमता विकास समिति

वडा अध्यक्ष वडा नं. ५ श्री कृष्णप्रसाद सापकोटा .................... संयोजक

वडा अध्यक्ष वडा नं.१० श्री रेप्तीकुमार घर्तीमगर ...................... सदस्य

कार्यपालिका सदस्य वडा नं. १६ श्री जानकी देवी गुरौं लामिछाने ... सदस्य

कार्यपालिका सदस्य वडा नं. ३ श्री गोमा देवी पौडेल तिमिल्सेना .... सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(ग) आर्थिक विकास समिति

वडा अध्यक्ष वडा नं. १ श्री कृष्णवहादुर के.सी. ...................... संयोजक

वडा अध्यक्ष वडा नं. ५ श्री कृष्णप्रसाद सापकोटा ....................... सदस्य

वडा अध्यक्ष वडा नं. ८ श्री नूनप्रसाद वाचे............................. सदस्य

वडा अध्यक्ष वडा नं. १२ श्री लोक प्रसाद भुर्तेल ........................ सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(घ) सामाजिक विकास समिति

वडा अध्यक्ष वडा नं. ७ श्री भूमिसरा आले ........................... संयोजक

वडा अध्यक्ष वडा नं. ९ श्री वलिराम सापकोटा .......................... सदस्य

वडा अध्यक्ष वडा नं. ६ श्री मिनवहादुर सोती ..........................सदस्य

कार्यपालिका सदस्य वडा नं. १२ श्री फूलमाया वि.क. .................. सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(ङ) पूर्वाधार विकास समिति

वडा अध्यक्ष वडा नं.११ श्री तिलप्रसाद काफ्ले ......................... संयोजक

वडा अध्यक्ष वडा नं.१६ श्री केशव प्रसाद गौतम .......................... सदस्य

वडा अध्यक्ष वडा नं. १५ श्री सुरेश कुमार रानाभाट ......................सदस्य

कार्यपालिका सदस्य वडा नं. १४ श्री पार्वती कडेल अर्याल................ सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(च) वन,वातावरण तथा विपद् व्यवस्थापन समिति

वडा अध्यक्ष वडा नं. ३ श्री होमनाथ पौडेल .......................... संयोजक

वडा अध्यक्ष वडा नं. १४ श्री गोपाल थापा ................................सदस्य

कार्यपालिका सदस्य वडा नं.९ श्री जयवहादुर वि.क. ......................सदस्य

कार्यपालिका सदस्य वडा नं.१३ श्री गीता देवी बोटे...................... सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(छ) अनुगमन समिति

नगर उप प्रमुख श्री पार्वता तिवारी ...................................... संयोजक

वडा अध्यक्ष वडा नं.१३ श्री एक देव पौडेल .......................... सदस्य

वडा अध्यक्ष वडा नं.१७ श्री गणेश शर्मा चालिसे ........................ सदस्य

वडा अध्यक्ष वडा नं. ११ श्री तिल प्रसाद काफ्ले ......................... सदस्य

सम्वन्धित शाखा प्रमुख सदस्य सचिव

(ज) राजस्व परामर्श समिति

नगर उप प्रमुख श्री पार्वता तिवारी........................................... संयोजक

प्रमुख प्रशासकीय अधिकृत ..................................................... सदस्य

वडा अध्यक्ष वडा नं. १२ श्री लोक प्रसाद भुर्तेल .......................... ..सदस्य

कार्यपालिका सदस्य वडा नं. ३ श्री गोमा देवी पौडेल तिमल्सेना ..........सदस्य

देवचुली नगरस्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष/प्रतिनिधि ............. सदस्य

घरेलु तथा साना उद्योग तर्फ देवचुली नगरस्तरीय अध्यक्ष/प्रतिनिधि ....... सदस्य

राजस्व/आर्थिक विकास शाखा प्रमुख सदस्य सचिव

निर्णय नं. ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगर पालिकाको वडा नं. ११ का वडा अध्यक्ष श्री तिल प्रसाद काफ्लेलाइ देवचुली नगरपालिकाको नगर प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा वडा नं. २ को हकमा नेपाल सरकारको विशेष अनुदान अन्तरगत बोटे,माझी,मुसहर तथा अति विपन्न वस्तीका नगरवासीहरुमध्येबाट बढीमा ४ परिवारलाइ सुरक्षित भवन निर्माण सम्वन्धी कार्यको नामावली विवरण यथासक्य छिटो नगर कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ५,

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाबाट विभिन्न कन्सल्टेन्सीहरुसंग संझौता गरी पेश हुन आएका वातावरणीय प्रभाव मुल्यांकनका विषयमा संशोधन हुनपर्ने भनी उल्लेख भएका विषयमा सोही बमोजिम गर्नेगरी उक्त प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

(क) भाटभटेनी देखि वाङ्कोल सम्मको सडक स्तरोन्नती कार्यको वातावरणीय अध्ययन मुल्याङकन

(ख) देउसद खोला/वौलाहा खोलाको खोला जन्य सामाग्री हटाउने समवन्धी वातावरणीय अध्ययन मुल्यांङकन

(ग) देउसद खोला ड्याम निर्माण समवन्धी वातावरणीय अध्ययन मुल्यांङकन

निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा कावासोती नगरपालिका र यस नगरपालिकाको सिमानामा रहेको लोकाहा खोलाले बगाइ ल्याएको ग्रभेल यस नगरपालिका अन्तरगत वडा नं. १० को नगरस्तरीय खेलमैदानको डिलमा थुप्रिन गएकोले वर्षादको समयमा खेलमैदान, सडक,विद्युतीय पोल लगायत नजिकका मानवीय वस्तीहरु समेत जोखिममा रहेको हालको अवस्थालाइ तत्काल समाधान गर्न कावासोती नगरपालिकाबाट विक्रिवितरणका लागि संझौता भएकोमा संझौता अनुसार ठेकेदार कम्पनीले तत्काल सामाग्री हटाउन नसकेकोले उक्त जोखिमलाइ न्यूनीकरण गर्न खोलाजन्य सामाग्रीको दुरुपयोग नहुने व्यवस्था मिलाइ ठेकेदार कम्पनीसंगको समन्वय तथा कावासोती र देवचुली नगरपालिकाको संयुक्त निगरानीमा मेसिन उपकरणको प्रयोगगरी प्राविधिक लगत इष्टिमेट बमोजिम खोलाजन्य सामाग्रीबाट खेलमैदान निर्माण कार्यमा प्रयोग पश्चात बांकी रहने अवस्था आएमा स्थानीय उपभोक्ताहरुबाट निर्माणहुने सडक स्तरोन्नतीका लागि प्राविधिक लगत इष्टिमेट अनुसार आवश्यक पर्ने खोलाजन्य सामाग्री उपयोगमा सहजीकरण गर्न र यस नगरपालिका क्षेत्रको बौलाहा खोला किनारामा थुप्रिएको खोलाजन्य सामाग्रीका कारण बर्षादको समयमा आइपर्नसक्ने जोखिमयुक्त स्थानमा समेत नगरस्तरीय वन,वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद व्यवस्थापन समितिसंग समन्वयगरी तत्कालको जोखिम न्यूनीकरणका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा वडा नं. १५ स्थित सालघारीमा निर्माणधीन अवस्थामा रहेको झोलुङ्गे पूल निर्माणको सिलसिलामा प्राविधिकको सिफारिस अनुसार साविकको स्वीकृत डिजाइन तथा ल.ई.मा शंसोधन गरी लम्वाइ थप गर्नुपर्ने अवस्था आइ भि.ओ. गर्नुपर्ने देखिएकोले प्रचलित कानूनको परिधिभित्र रही सो झोलुङ्गे पूलको भि.ओ. स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा वडा नं. १३ बाट अति विपन्न वस्तीमा उपलब्ध गराइएको कृषि यन्त्र उपकरण मिनि टेलर थान २ (दुई) उपभोक्तहरुबाट लागत सहभागिता जुटाउन नसकी खरिद गरी ल्याएका कृषि यन्त्र उपकरणहरु प्रयोगमा ल्याउन कठिनाइ परेकोले हालको लागि उक्त कृषि यन्त्र उपकरणमा उपभोक्ताबाट हुने लागत सहभागिता रकम मिन्हा दिने निर्णय गरियो ।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र अन्तरगतका विभिन्न स्थानहरुमा खोलासंग जोडिएका सिंचाइका नहरहरु, सडक किनाराका ढलहरु, खोला किनारामा रहेका वस्तीहरु, वर्षादको भल निकास हुन नसकी तत्काल निकास गर्नुपर्ने जस्ता जोखिममा पर्न सक्ने अवस्थालाइ समयमा नै पहिचान गरी त्यस्ता जोखिमयुक्त स्थानहरुमा जोखिम न्यूनिकरण गर्न प्राविधिक र विपद व्यवस्थापन समितिका पदाधिकारीहरु समेतको टोलीबाट विभिन्न जोखिमयुक्त स्थलहरुको स्थलगत अवलोकन गरी तत्काल गर्नुपर्ने कार्यहरुको विवरण संकलन गरी सम्वन्धित निकायसंग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०,**

(क) देवचुली न.पा. वडा नं. १४ को सि.नं. ४५८ मा प्रगति मार्ग स्तरोन्नतीमा विनियोजित रकम रु, १ लाख ५० हजार मध्येबाट सम्वन्धित वडाको सिफारिसमा देवज्योति मार्ग दोस्रो खण्ड सडक स्तरोन्नतीका लागि १ लाख र बांकी रु, ५० हजार जनज्योति डीप बोरिङग मर्मतका लागि रकमान्तर गर्ने ।

(ख) देवचुली न.पा. वडा नं. १३ को सि.नं. ४३५ को लक्षित वर्ग विकास किशोर/किशोरी सचेतना कार्यक्रममा विनियोजित रु, ५० हजार र सि.नं. ४३८ को लक्षित वर्ग विकास महिला/पुरुष नेतृत्व विकास तालिममा विनियोजित रकम रु, १ लाख समेत जम्मा रु, १ लाख ५० हजारबाट वडा नं. ११,१२ र १३ को संगमस्थल वेलचौतरामा वर्षादको पानी निकास कार्यका लागि कार्य संचालन गर्नेगरी रकमान्तर गर्ने ।

(ग) देवचुली न.पा. वडा नं. १३ को सि.नं. ४३७ को लक्षित वर्ग विकास दलित सचेतना कार्यक्रममा विनियोजित रकम रु, ५० हजार र सि.नं. ४४० को वडाको मुख्य बाटोमा बत्ती जडान शीर्षकमा विनियोजित रकम रु, १ लाख समेत जम्मा रु, १ लाख ५० हजारबाट वडा नं. १३ अन्तरगतका भित्री सडक मर्मत सम्भार गर्नेगरी रकमान्तर गर्ने ।

(घ) नवौं नगर सभाबाट देवचुली न.पा. वडा नं. १३ को लागि बडा कार्यालयमा सि सि टि भि जडान का लागि विनियोजित रकम रु १ लाख ५० हजार मध्येबाट रु, ५० हजार वडा कार्यालय परिसरमा सवारी साधन पार्किङको लागि अस्थायी टहरो निर्माण गर्ने गरी रकमान्तर गर्ने ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

Scanned with CamScanner